## बाँके जिल्ला अदालतबाट जारी भएको सूचना

उपर्युक्त सम्बन्धमा आज यस अदालतमा बार बेञ्चको बैठक बसी विश्व महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को जोखिम बढ्दै गएकोले मिति २०७७/५/१४ गते देखि ऐ. मिति २०७७/५/१९ गते सम्म यस बाँके जिल्ला अदालतबाट प्रवाह हुदै आएका सेवा मध्ये अत्यावश्यक सेवा वाहेक अन्य सेवा संकुचन गर्न उपयुक्त हुने व्यहोरा सहितको उच्च बार तथा जिल्ला बार बाँकेको मिति २०७७/०५/१२ को पत्रबाट आग्रह भई आएको अवस्था तथा यस अदालतका प्रशासनिक प्रमुख लगायत अन्य कर्मचारीहरु समेत रुघाखोकी ज्वरोबाट प्रभावित भई उपचारत रहेको अवस्थालाई समेत मध्यनजर गरी २०७७/५/१४ गते देखि ऐ. २०७७/०५/१९ सम्म इजलासका पेशी स्थगन गर्ने, अत्यावश्यक सेवा जस्तै-म्याद थप, पक्राउ पुर्जी जारी, जरुरी पक्राउ पुर्जी समर्थन, कल डिटेलको लागि अनुमति दिने, अन्तिम म्याद भएका अभियोग पत्र दर्ता गरी आवश्यक कारबाही अगाडी बढाउने, अन्तिम म्याद भएका फिराद पत्र तथा प्रतिउत्तर पत्र दर्ता, घरेलु हिंसाका मुद्दाहरु दर्ता, बन्दीप्रत्यक्षीकरण तथा रोक्काको निवेदनहरुको दर्ता र सुनुवाई गर्ने, तारेख तोक्ने, यस हप्तामा तारेख तोकिएका वकपत्रको तारेख पुन: तोक्ने कार्यलाई जारी राख्ने निर्णय गरिनुको साथै यस अदालतबाट प्रवाह गरिने सेवालाई नियमित तथा थप सेवा प्रवाह गर्ने सम्बन्धमा मिति २०७७/०५/१९ गते पुन: बार बेञ्चको बैठक बस्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यहाँहरुलाई पर्न गएको असुविधाप्रति क्षमाप्राथी छौ ।

मिति:-२०७७/५/१४

सेरेस्तेदार
उप-सचिव